नेपाल सरकार
# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
(..............................................................शाखा)

प.सं. :
च.नं. :

सिंहदरवार, काठमाण्डौं

## प्रेस विज्ञप्ति

माननीय कानून न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला) र नेपालका लागि संयुक्त राष्ट्रसंघका कार्यबाहक आवासीय प्रतिनिधि Mr. Richard Howard बीच वि.सं. २०७९ साल वैशाख ७ गते बुधबार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा शिष्टाचार भेटवार्ता भयो ।

भेटवार्ताका क्रममा माननीय मन्त्रीज्यूले नेपालको लोकतन्त्र स्थापना, शान्ति प्रकिया, संक्रमणकालिन न्याय प्रक्रिया र नेपालको आर्थिक, सामाजिक, न्यायिक, शैक्षिक र पूर्वाधार विकासको क्षेत्रमा संयुक्त राष्ट्रसंघको सहयोगको लागि धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा समेत समन्वय, सहकार्य रहने धारणा व्यक्त गर्नुभयो । भेटवार्ताका क्रममा माननीय मन्त्रीज्यूले आफ्नो लक्ष्य संक्रमणकालिन न्याय प्रक्रियालाई विश्वसनिय र पारदर्शी बनाउन कानून संशोधन लगायतका सुधार गर्ने र यसका लागि मन्त्रालयले तदारुकताका साथ कार्यसम्पादन गर्दै आएको धारणा व्यक्त गर्नुभयो ।

भेटका क्रममा नेपालका लागि संयुक्त राष्ट्रसंघका कार्यबाहक आवासीय प्रतिनिधि Mr. Richard Howard ले नवनियुक्त मन्त्रीज्यूलाई बधाई ज्ञापन गर्दै बहुपक्षीय सहयोग, सहकार्य र समन्वयका लागि संयुक्त राष्ट्र संघ सदैव तत्पर रहेको र नेपालको संक्रमणकालिन न्याय प्रक्रियाका साथै आर्थिक, सामाजिक, विकास र सुशासनका क्षेत्रमा सदैव सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

(कमल राज गौतम)
उपसचिव एवम् सहायक प्रवक्ता

मिति : २०७९।०१।०८

फोन: ४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७
फ्याक्स नं.: ४-२११६८४

नेपाल सरकार
# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
(.........................................................शाखा)

प.सं. :
च.नं. :

सिंहदरवार, काठमाण्डौं

## प्रेस विज्ञप्ति

माननीय कानून न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला) र नेपालका लागि स्वीट्जरल्याण्डका राजदूत महामहिम Ms. Elisabeth von Capeller बीच वि.सं. २०७९ साल वैशाख ७ गते बुधबार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा शिष्टाचार भेटवार्ता भयो ।

भेटवार्ताका क्रममा माननीय मन्त्रीज्यूले नेपाल र स्वीट्जरल्याण्ड बीच प्रगाढ सम्बन्ध रहेको कुरा उल्लेख गर्दै दुई देशबीच सहयोग र समन्वयको क्षेत्रमा बढोत्तरी हुँदै गएको धारणा व्यक्त गर्नुभयो। नेपालमा स्वीट्जरल्याण्ड सरकारले लामो समयदेखि पूर्वाधार विकासका अतिरिक्त सामाज़िक, आर्थिक, न्यायिक र सुशासनको क्षेत्रमा सहयोग, समन्वय र सहकार्य गर्दै आएको प्रसंग उल्लेख गर्नुभयो । भेटवार्ताका क्रममा माननीय मन्त्रीज्यूले आफ्नो लक्ष्य संक्रमणकालीन न्याय प्रक्रियालाई टुंगोमा पुर्याउनु रहेको प्रसंग उल्लेख गर्दै सो कार्यका लागि कानून संशोधन लगायतका सुधार गर्ने र यसका लागि मन्त्रालयले तदारुकताका साथ कार्यसम्पादन गर्दै आएको धारणा व्यक्त गर्नुभयो ।

भेटका क्रममा महामहिम राजदूत Ms. Elisabethvon Capeller ले नवनियुक्त कानून मन्त्रीज्यूलाई बधाई ज्ञापन गर्दै मन्त्रीज्यूसँग धेरै अपेक्षा रहेको प्रसंग उल्लेख गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो । नेपालको संविधान नै शान्ति प्रक्रियाको एक सम्झौता रहेको धारणा व्यक्त गर्दै संघीय राज्यव्यवस्था प्रणाली नौलो प्रणाली भएको र यसको पूर्ण कार्यान्वयनमा स्वीट्जरल्याण्ड सरकारको सहयोग सदैव रहने कुरा उल्लेख गर्नुभयो । उहाँले संक्रमणकालिन न्याय प्रक्रियामा स्वीट्जरल्याण्ड सरकारको सहयोग रहने र नेपालको आर्थिक, सामाजिक र न्यायिक विकास एवं सुशासनको क्षेत्रमा सदैव सहकार्य गर्ने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो ।

मिति : २०७९।०१।०८

(कमल राज गौतम)
उपसचिव एवम् सहायक प्रवक्ता

फोन: ४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७
फ्याक्स नं.: ४-२११६८४